# Namcheybong road washed away by slide

SIKKIM EXPRESS. 12.7.19



**AJAY THAMI**

**PAKYONG, July 11:** Residents of Lalturning, Basilakha and Khongsee villages under Pakyong subdivision have been affected after the road connecting the villages to Pakyong town was washed off by landslides at Namcheybong Basnett Gaon Chyan Dara.

Villagers had to take to a detour via Andheri or the newly-opened Raigaon-Pakyong road to reach schools, offices and Pakyong town. Also families residing above the damaged road stretch are living in fear because of the slides which is increasing day after day. The road is being maintained by the NH wing of the State PWD.

As reported earlier, the stretch was on the verge of collapse and no concrete was seen to prevent the slide.

# सडक अवरूद्ध भएपछि समस्या उत्पन्न

समय दैनिक. 12-7.19



**पाकिम, ११ जुलाई।**

भारी वर्षा र पैह्रोका कारण पाकिम महकुमाअन्तर्गत बाँसीलाखा, लालटर्निङ, खोइसी र पाकिम बजारमाझको सडक सम्पर्क अवरुद्ध भएको छ। नाम्चेबुङको चिया डाँडा बस्नेत गाउँमा ठूलो पैह्रोको कारण सडक क्षति भएको छ। सडक क्षति भएपछि यी गाउँका आम नागरिकहरूसितै सरकारी कर्मचारी र विद्यार्थीहरूलाई ठूलो समस्या भइरहेको छ। कतिपय गाउँका नागरिकहरूले पाकिम साप्ताहिक हाट बजार जानका लागि अँधेरी अथवा नयाँ राई-गाउँ-पाकिम सडकलाई वैकल्पिक सडकका रूपमा प्रयोग गर्दैछन्। यद्यपि, वैकल्पिक सडक मार्ग भएर यात्रा गर्नु महँगो र समय पनि अधिक खर्च भइरहेको छ।

पैह्रोको कारण ग्रामीण क्षेत्रमा बसोबासो गर्ने नागरिकहरूलाई धेरै असुविधा भइरहेको छ। भारी वर्षाको समयमा कुनै पनि समयमा पैह्रो आउन सक्ने त्रासले ग्रामीण क्षेत्रलाई अधिक सताएको छ। पाकिम-लालटर्निङ- अँधेरी सडकमा केही दिन अघिदेखि नै पैह्रो शुरु भएर सडकलाई बाधा गर्न शुरु गरे पनि सबन्धित विभागले यसतर्फ ध्यान नपुऱ्याएपछि समस्या अझ जटिल बन्दै गएको छ। स्मरण गराइन्छ, यो सडक पैह्रोको दृष्टिले संवेदनशील भएको समाचार २८ जूनको दिन पनि प्रकाशित भइसकेको छ। यद्यपि, सम्बन्धित विभागको ध्यान अहिलेसम्म यो सडकमा नपुगेपछि स्थिति अझ चिन्ताजनक भएको छ। विशेष गरी ग्रामीण क्षेत्रका कृषकहरूलाई हाट बजार भर्न पाकिम जानु र विद्यार्थी र सरकारी कर्मचारीलाई कार्यालय तथा स्कूल जान कठिन भइरहेको छ।

# रिनाक पुलिस थानामा बिरुवा रोपण

